# टोखा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

मैजुहिटी, काठमाडौं
वागमति प्रदेश, नेपाल

पत्र संख्या :- ०७७/०७८
चलानी नं :- ८४

मिति - २०७७/४/०१

**विषय:- विवरण उपलव्ध गराईदिनु हुन ।**

श्री वडा कार्यालय सवै ।
टोखा नगरपालिका, काठमाडौं ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७७-३-३० को च.नं.६०१ को पत्र साथ प्राप्त ग्रामीण खानेपानी तथा सरसफाई कोष विकास समितिको संम्लग्न पत्रानुसारको विवरण मिति २०७७-४-४ गते भित्र नगरपालिका आईपुग्ने गरी पठाई दिनु हुन जानकारी साथ अनुरोध छ ।

.........................
(प्रदिप पौडेल)
प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

( स्थानीय तह समन्वय शाखा )

सिंहदरबार, काठमाण्डौं
फोन नं.-४२००५११/४२००३०४

पत्र सं.:- २०७६/७७ मिति:- २०७७/०३/३०
चलानी नं.:- ६०५

टोखा नगरपालिका
दर्ता नं. ५
मिति: २०७७/०४/०१

विषयः- सार्वजनिक शौचालय निर्माण सम्वन्धी सूचना पठाईएको।

श्री स्थानीय तहहरु (सबै)।

प्रस्तुत विषयमा खानेपानी मन्त्रालय अन्तर्गत ग्रामीण खानेपानी तथा सरसफाइ कोष विकास समितिको प्राप्त सूचना संलग्न छ। सो सम्वन्धमा थप व्यहोरा सूचनाबाट अवगत गर्नुभई अविलम्व शौचालय निर्माण सम्वन्धी माग विवरण समितिको इमेल rwssip@rwssfdb.org / rwssip@gmail.com मा पठाउने व्यवस्था हुन आदेशानुसार अनुरोध छ।

जनकराज शर्मा
शाखा अधिकृत

बोधार्थः
श्री ग्रामीण खानेपानी तथा सरसफाइ कोष विकास समिति, महाराजगंज, काठमाण्डौं।
श्री सूचना तथा प्रविधि शाखा, website मा upload गरिदिनुहुन।

खानेपानी मन्त्रालय
नेपाल सरकार
ग्रामीण खानेपानी तथा सरसफाइ कोष विकास समिति
प्रधान कार्यालय: शिवमार्ग, महाराजगञ्ज, काठमाडौं, नेपाल
पो. ब. नं. : १२४१४, टेलिफोन नं. : ४००३[illegible] फ्याक्स नं. : ४००३०११,
इमेल: info@rwssfdb.org वेबसाइट: http://www.rwssfdb.org, टोल फ्री नं. : १६६००३०१०

## सार्वजनिक शौचालय निर्माण सम्बन्धी सूचना

ग्रामीण समुदायमा सुरक्षित खानेपानी र सरसफाइको आधारभूत सुविधा प्रवर्धन गर्ने उद्देश्यले विकास समिति ऐन २०१३ अन्तर्गत २०५२ साल चैत्र १ गते ग्रामीण खानेपानी तथा सरसफाइ कोष विकास समितिको स्थापना भएको हो। खानेपानी तथा सरसफाइ मन्त्रालय सम्पर्क मन्त्रालय रहेको यस समितिले अन्तर्राष्ट्रिय विकास संस्था/विश्व बैंक, नेपाल सरकार र स्थानीय समुदायसँगको सहकार्यमा खानेपानी तथा सरसफाइ आयोजनाहरू सञ्चालन गर्दै आइरहेको छ। यस समितिले सन् २०१४ देखि सञ्चालित ग्रामीण खानेपानी तथा सरसफाइ सुधार आयोजना अन्तर्गत साविकका १३० गाविस तथा नगरपालिकाका वडाहरूलाई खुला दिसामुक्त क्षेत्र घोषणा गर्ने कार्यमा उल्लेखनीय भूमिका निर्वाह गर्नुका साथै बाँकी साविकका २६३ गाविस र नगरपालिकाका वडाहरूमा खुला दिसामुक्त पश्चातको पूर्ण सरसफाइ कार्यक्रम सञ्चालन गर्दै आएकोमा देश खुला दिसामुक्त घोषणा भइसकेपछि पनि पूर्ण सरसफाइ कार्यक्रम निरन्तर रूपमा सञ्चालनमा रहेको छ।

नेपाल सरकारको लक्ष बमोजिम देशलाई पूर्ण सरसफाइतर्फ उन्मुख गराउन घर तथा सार्वजनिक निकायहरू (विद्यालय र स्वास्थ्य संस्थाहरू) मा मात्र नभएर समुदायका सार्वजनिक स्थानहरूमा पनि सार्वजनिक शौचालयहरूको त्यत्तिकै आवश्यकता महशुस गरी कोष विकास समितिले स्थानीय तह (गाउँपालिका र नगरपालिका) सँगको समन्वयमा अति आवश्यक स्थानहरूमा सार्वजनिक शौचालय निर्माण, प्रयोग, सञ्चालन र मर्मत सम्भारको सुनिश्चिततालाई प्राथमिकता दिने ध्येय लिई यस अघि देशव्यापी रुपबाट सार्वजनिक शौचालयको माग नआएकाले पुन: सार्वजनिक शौचालय निर्माणका लागि मिति २०७७ श्रावण ४ गते आइतबार, साँझ ५ बजेभित्रमा यस समितिको इमेल rwssip@rwssfdb.org / rwssip@gmail.com मा आइपुग्नु पर्ने गरी माग पत्र पठाउन सूचित गर्दछ। कोरोना भाइरस तथा अन्य सङ्क्रामक रोगहरूबाट बच्नका लागि समेत उचित सरसफाइको आवश्यकता पर्ने भएकाले कोष विकास समितिले सार्वजनिक शौचालयको निर्माणलाई प्राथमिकता दिने निर्णय गरेको हो। देहाय बमोजिमका मापदण्डहरू पूरा भएको अवस्थामा मात्र कोष विकास समितिले सम्बन्धित स्थानहरूमा सार्वजनिक शौचालय निर्माणका लागि स्वीकृति प्रदान गर्न सक्नेछ। आवश्यकता हेरी शौचालय निर्माणको प्राथमिकता क्रम निर्धारण गर्ने अन्तिम अधिकार कोष विकास समितिमा नीहित हुनेछ :

### सार्वजनिक शौचालय निर्माण गर्नु अघि र पछिका आधारभूत मापदण्डहरू

१. प्रस्तावित सार्वजनिक शौचालय यथासम्भव सार्वजनिक जग्गामा निर्माण गर्नुपर्नेछ वा पालिकाहरूले सार्वजनिक शौचालय निर्माणका लागि स्थल तोकिएको सुनिश्चित गरी कोष विकास समितिमा पेश गर्नु पर्नेछ।

२. सार्वजनिक शौचालय निर्माण गर्ने स्थान आम जनसमुदायको पायक पर्ने स्थानमा राख्ने सुनिश्चित गर्नुपर्नेछ।

३. दिनमा सामान्यतया कतिजनाले शौचालय प्रयोग गर्नेछन् भन्ने अनुमानित विवरण कोष विकास समिति समक्ष पेश गर्नुपर्नेछ।

४. सार्वजनिक शौचालय निर्माण गरिने प्रस्तावित स्थानमा पानीको पर्याप्त उपलब्धता हुनु पर्दछ। पानी आपूर्तिका लागि कोष विकास समितिले पहल गर्ने छैन।

५. सार्वजनिक शौचालय निर्माण पछि त्यसको सञ्चालन, रेखदेख र मर्मत तथा सम्भार सम्बन्धित निकायले गर्ने प्रतिवद्धता पत्र पनि मागपत्रका साथमा पेश गर्नु पर्नेछ।

कार्यकारी निर्देशक